आज मिति २०६८।१।३० गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री राम बहादुर कुरुम्वाङ्ज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्यो। उपस्थिति एवं निर्णय देहाय बमोजिम छ।

उपस्थिति

अध्यक्ष श्री ~~नारायण~~ राम बहादुर कुरुम्वाङ्

सदस्य जि.स.स. प्रमुख/प्रतिनिधि श्री हरि प्रसाद शर्मा

" ने.क.पा.एमाले श्री हरि ज्ञवाली

" नेपाली कांग्रेस श्री मिश्रीलाल यादव

" ने.क.पा.(माओवादी केन्द्र) श्री लक्ष्मी प्रसाद शर्मा (काठश्री)

" संघीय समाजवादी फोरम नेपाल श्री कृष्ण यादव

" रा.ज.पा. नेपाल श्री केशव कुमार यादव

" गुलरिया न.पा. प्रमुख श्री मुक्तिनाथ यादव

" बारबर्दिया न.पा. प्रमुख श्री दुर्गा प्र. थारु

" बाँसगढी न.पा. प्रमुख श्री

" मधुवन न.पा. प्रमुख श्री गणेश बि.के.सी.

" ठाकुरबाबा न.पा. प्रमुख श्री

" राजापुर न.पा. प्रमुख श्री शिव प्रसाद चौधरी

" बढैयाताल गा.पा. अध्यक्ष श्री

" गेरुवा गा.पा. अध्यक्ष श्री / प्र.अ. भीम बहादुर खत्री

" प्र.उ. श्री जनक भट्टराई

" स.प्र.उ. श्री हृदय नारायण मण्डल

" रा.अ. प्रमुख/प्रतिनिधि – अ.प्र. संजीव शाह

" सेनानी

" नेपाल पत्रकार महासंघ

" उद्योग वाणिज्य संघ

" नेपाल रेडक्रस सोसाइटी सभापति कृष्ण प्र. गौतम

" गै.स.स. महासंघ [illegible]

" कर्णाली नदी व्यवस्थापन आयोजना धर्म कुमार न्यौपाने

" बबई, माडा, ओराही नदी व्यवस्थापन आयोजना नारायण प्रसाद सुवेदी

" बबई सिंचाइ आयोजना

" हुलाकी सडक आयोजना सब इन्जिनियर रमेश प्र. पाठक

" शहरी विकास भवन निर्माण " " कोमल रावल

" डिभिजन सडक कार्यालय नेपालगंज

" जिल्ला अस्पताल, बर्दिया श्री हे.अ. जनक नाथ योगी

" सिंचाइ विकास सब. डिभिजन, बर्दिया

कोमलराज डी ने.क.पा (माओवादी केन्द्र)

प्र. अ. स. सचिव डिल्लीराम आचार्य

पदमबहादुर रावत व. प्र. जि. अ. जिल्ला कृषि विकास कार्यालय

आमन्त्रीत

प्रदीप सापकोटा, जिल्ला वन अधिकृत, जि.व.का. बर्दिया

सन्तोष कुमार मण्डल खानेपानी तथा स.डि.का. बर्दिया, सब-इन्जिनियर

दिनेश प्रसाद श्रेष्ठ राधाकृष्ण थारु जनसेवा केन्द्र, अध्यक्ष

जीवन मल्ल प्र.अ. सचिव

धर्मराज न्यौपाने प्रे० फ्रन्टलाईन मधुवन राष्ट्रिय

धर्मेन्द्र कुमार बनिया वडा २ अध्यक्ष

मानबहादुर डाँगी KMJS Nepal

गोविन्द प्रसाद लोहनी - कारितास नेपाल

विराट पन्त TWUC / Anukulan-X

प्रेम चौधरी - AAN/WRC

मुकेश चन्द्र गौतम DPPRR/NRCS/DEOC Bardiya DMA

आरती काफ्ले " " " DMO

कृष्ण गोपाल चौधरी जिल्ला स्वास्थ्य कार्यालय बर्दिया

राजेन्द्रबहादुर शाही जिल्ला प्रशासन कार्यालय बर्दिया।

पूर्णा सापकोटा " - "

गंगाराम अधिकारी "

६

निर्णयहरुः

निर्णय नं.१

जिल्ला विपद् तथा प्रतिकार्य योजना २०७५ को आठौं अद्यावधिकका लागि २०००० परिवार प्रभावितलाई प्रतिकार्य गर्न सक्ने आधारमानी योजना निमार्ण गर्ने ।

निर्णय नं.२

जिल्ला विपद् तथा प्रतिकार्य योजना २०७५ को आठौ अद्यावधिकका‌लागि गत वर्षको योजना अनुसार ९ वटै विषयगत क्षेत्र निर्धारण गर्ने । हाल विषयगत क्षेत्रका अधिकास कार्यालय स्थानिय तहमा स्थानान्तरण भएको अवस्थामा जिल्ला स्तरवाट स्थानिय तहमा स्थानान्तरण भएका विषयगत क्षेत्रको स्थानीय तहले नेतृत्व गर्ने गरि योजना निमार्ण गर्ने ।

निर्णय नं. ३

जिल्ला विपद् तथा प्रतिकार्य योजना २०७५ को आठौ अद्यावधिक गरि प्रकाशित गर्ने कार्यका लागि DLSA एक्सन एड, नेपाल रेडक्रस सोसाईटी र थारु महिला उत्थान केन्द्र, अनुकुलन परियोजनाको सहयोगमा तयार गर्ने ।

निर्णय नं. ४

नदिको सतह हाराहारी र मुनी रहेका बस्ती बाढीको दृष्टीले उच्च जोखिममा रहने हुँदा स्थानीय तहले आ-आफ्नो क्षेत्रमा प्राविधिक अध्ययन प्रतिवेदनको आधारमा बबई, भादा, ओराही नदि व्यवस्थापन आयोजनासंग समन्वय गरि जोखिमयुक्त क्षेत्रमा नदि च्यानलाइज गर्ने । त्यसै गरि गेरुवा नदिको कोठीयाघाट, लालपुरघाट र आसपासको क्षेत्रमा समेत च्यानलाइज गर्न स्थानीय तहले जिल्ला समन्वय समितिसंग समन्वय गरि गर्ने ।

निर्णय नं. ५

विशेष गरि बाढी, पहिरो, भुकम्प, आगलागी पछिको उद्दार कार्यमा अझै पनि उद्दार सामग्रीको ठूलो अभाव रहेको छ । अपुग रहेको उद्दार सामाग्री यो बर्षात अगावै संकलन गर्न जिल्ला विपद व्यवस्थापन समितिले संघीय, प्रादेशिक र स्थानीय सरकार साथै रेडक्रस र राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थासंग समन्वय गर्ने ।

निर्णय नं. ६

विपद् व्यवस्थापन तथा न्युनिकरण ऐन २०७५ अनुसार स्थानिय तहले आ—आफ्नो क्षेत्रमा विपद् व्यवस्थापन समिति गठन गरि विपद् न्युनिकरण तथा व्यवस्थापन कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याउने ।

निर्णय नं. ७

क. राजापुर नगरपालिकामा पर्ने कर्णाली नदिको सत्तीघाट पूलको बर्दिया खण्डको Left side U/S तर्फको करिब १५० मीटर कच्ची तटबन्धनको चौडाइ निकै कम भएको, तटबन्धनको पिधमा विगत देखि नै नदिले Scour गरि रहेको कारण आगामी बर्षातमा आउने कर्णाली नदिको भेलले भत्काउन सक्ने उच्च खतरा रहेको छ । सो खण्डको हुलाकी राजमार्गको कार्यक्षेत्र पर्ने हुदा कर्णाली नदि व्यवस्थापन आयोजना समेतको समन्वयमा बर्षात अगावै अनिवार्य रुपमा भरपर्दो तटबन्ध निर्माण

र मर्मतको लागि हुलाकी सडक आयोजनालाई निर्देशन दिने । हाल सो खण्ड हुलाकी सडक परियोजना मातहत रहेकोले बर्षातमा हुन सक्ने क्षति र सोबाट हुने नोक्सानीको लागि हुलाकी सडक परियोजना नै जिम्मेवार हुने निर्णय गरियो ।

ख. मधुवन नगरपालिकामा पर्ने ओराही खोलाको पूलको दुवै खण्डमा तर्फ अत्यधिक कटानका कारण पूल जोखिममा रहेकाले प्रभावकारी तटबन्धन गरि कार्यान्वय गर्न सडक डिभिजन कार्यालय नेपालगंजलाई अनुरोध गर्ने ।त्यसै गरि मधुवन नगरपालिकाको वडा नं. ६ हुँदै बारबर्दिया नगरपालिका जोड्ने निर्माणाधिन लठवा पूलको दायाँ बायाँ उच्च कटान भएकोले तत्कालै उपयुक्त तटबन्धन गर्न पुल महाशाखालाई निर्देशन दिने ।

निर्णय नं. ८

क. गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने बबई नदिको जब्दीघाटमा निर्माण भएको पुल पिलर धसिन गई भाचिएको हुँदा बर्षातको समयमा पानीको सतह बढ्न गई उक्त पुलले बाँधको काम गरि खोलाले धार परिवर्वत गरेर गुलरिया बजार र बारबर्दिया नगरपालिकाका विभिन्न स्थान(जब्दी लगायत)मा प्रवेश गर्ने सम्भावना देखिएको र सोबाट अकल्पनीय धनजनको क्षति हुन सक्ने देखिएको हुँदा उक्त पुल बर्षातका समय शुरु हुनु अगावै जेष्ठमसान्त भित्र नदिको पुल मुनि र दायाँबायाँ थुप्रिएको बालुवा हटाउन विपद व्यवस्थापन समितिका सदस्यको रोहबरमा गुलरिया र बारबर्दिया नगरपालिका दुवैलाई जिम्मा दिने निर्णय गरियो ।

ख. हुलाकी सडक आयोजनाले बाटो निर्माण गर्दा बर्दिया जिल्लाको विभिन्न क्षेत्रमा सडकमा ड्रेन नराख्दा आसपासका बस्तीहरु बर्षातको समयमा उच्च जोखिममा परि डुबान समेत हुने हुँदा पानीको निकासको लागि आवश्यक ठाउँमा ड्रेनको व्यवस्था गर्न हुलाकी सडक आयोजनालाई निर्देशन दिने ।

ग. बर्दिया राष्ट्रिय निकुञ्ज र गेरुवा गाउँपालिकाको सीमानामा रहेको १७ किलो मिटर क्षेत्रमा रहेको गेरुवा नदिले मार्ग परिवर्तन गरि सत्तीघाट तर्फ पानी गएको भनि मुहान परिवर्न गरि गेरुवा नदिलाई व्यवस्थापन गर्न निकुञ्ज र समुदायको जग्गाको बिचमा नदि च्यानलाईज गर्नका लागि जिल्ला समन्वय समितिले पहल गर्ने ।

निर्णय नं. ९

२०७४ सालको बाढी प्रभावितहरुको लागि जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयबाट भएको विषय क्षेत्रगत विस्तृत लेखाजोखाका आधारमा जिल्लाका पूर्ण घर क्षति भएको घरधुरी संख्या २१९ को घर निर्माणको लागि प्रकृया अगाडी बढाउने भनि मिति २०७४।०१।०३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र जिल्ला दैवी प्रकोप उद्धार समितिको मिति २०७४।०९।१४ को निर्णय अनुसार पूर्ण प्रभावित २३७३ घरपरिवारलाई समेत आधार मानि घर निर्माणको लागि प्रकृया अगाडी बढाउन राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, बाढी पुनर्निमाण तथा पुनस्थापना आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

क. मिति २०७३/०२/२९ गतेका दिन आएको हावाहुरीका कारण राजापुर न.पा. ४ स्थित कर्णाली सामुदायिक वन क्षेत्रमा ढलेका रुखहरुको लगत लिई उक्त लगत बमोजिमको काठ संकलनका लागी संबन्धित सामुदायिक वन उपभोक्ता समुहबाट जिल्ला वन कार्यालय, बर्दियामा अनुरोध भई आएको, यसैगरी मिति २०७४/०४/२८ देखी ऐ. ०४/३० सम्म परेको अबिरल बर्षाका कारण बबई नदीमा आएको बाढीका कारण बारबर्दिया न.पा. २ स्थित बिहानी जनशक्ति सामुदायिक वन क्षेत्रमा ढलेका एवं बाढीले बगाएर ल्याएका रुखहरुको लगत समेत जिल्ला वन कार्यालय, बर्दियामा पेश भई उपरोक्त लगत जिल्ला वन कार्यालय, बर्दियाको च.नं. १७३४ मिति २०७५/०१/२८ को पत्रसाथ पेश हुन आएकाले लगत बमोजिमको तपशिलको मुल्यांकन बमोजिमको काठ,दाउरालाई सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ४(२) मा भएको ब्यवस्था बमोजिम नियमानुसार ब्यवस्थापन गर्नका लागी जिल्ला वन कार्यालय, बर्दिया मार्फत वन बिभाग बबरमहलमा आवश्यक कारबाहीको लागी सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशिल

| सि. न. | सामुदायिक वनको नाम, ठेगाना | प्रजाति | रुख थान | काठको मुल्यांकन परिमाण (घ.फि.) | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बिहानी जनशक्ति, बारबर्दिया-२ | सिसौ | ११८ | १५४०।७२ | २।८६ | मिति २०७४/०४/२८ - ०४/३० गते सम्म आएको बाढीका कारण ढलेका रुखहरुको लगत |
| | | कर्मा | १५ | ३०२।७३ | ०।६१ | |
| | | असना | ९ | १०९।२८ | ०।२२ | |
| | | साल | १ | ४०।९५ | ०।०८ | |
| | | खयर | २९ | ४४१।१७ | ० | |
| | | **जम्मा** | १७२ | २४३४।८५ | ३।७७ | |
| २ | कर्णाली, राजापुर-४ | सिसौ | १३१ | ९८४।८२ | १।७२ | मिति २०७३/०२/२९ गतेका दिन आएको हावाहुरीका कारण ढलेका रुखहरुको लगत |
| | | **जम्मा** | १३१ | ९८४।८२ | १।७२ | |